आर्थिक वर्ष २०८०/०८१ को
गंगादेव गाउँपालिका अध्यक्ष श्री हरिबहादुर पुनले
चौधौँ गाउँ सभाको पहिलो अधिवेशनमा पेश गर्नु भएको

## गंगादेव गाउँपालिका रोल्पाको

# नीति तथा कार्यक्रम

**गंगादेव गाउँपालिका**

**सानडाँडा, रोल्पा**

**लुम्विनी प्रदेश, नेपाल**

**मिति २०८० असार ०७ गते**

**गंगादेव गाउँपालिकाको चौधौं गाउँसभाको पहिलो अधिवेशनका**

**उपाध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

**सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरु,**

**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरु, समाजसेवी, वुद्धिजीवि तथा उपस्थिति सम्पूर्ण महानुभावहरु ।**

नेपालको संविधान जारी पश्चात संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्यको संरचनाको व्यवस्था सँगै स्थानीय तहको रुपमा गंगादेव गाउँपालिको वि .स. २०७३ मा स्थापना भई स्थानीय सरकारको रुपमा काम गर्दै आईरहेको छ । संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था अनुरुप म गंगादेव गाउँपालिकाको चौधौं गाउँ सभाको प्रथम अधिवेशनमा आ .व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारको विकास सम्बन्धी लक्ष्य उदेश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । विकास निर्माणका साधन स्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरुमा सहज पहुँचसँगै निकायगत अन्तर समन्वय र साझेदारीमा हाम्रो महत्वपूर्ण भूमिका रहन्छ। यसर्थ हामीले नेपाल सरकार तथा प्रदेश तहको योजना तथा नीति सँगै यस गाउँपालिकाले नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छौं ।

विकास र सुशासन अभिवृद्धी गर्दै प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रविन्दुको रुपमा स्थापना गर्दै जनतालाई पुर्याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगाएतका सार्वजनिक सेवा सुविधा प्रदान गर्न हाम्रो महत्वपूर्ण भुमिका रहन्छ ।यसका लागि सरकारी, निजि, गैर सरकारी, सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्यको

अपेक्षा राखेका छौं। शान्तिसुरक्षा , रोजगारी अभिवृद्धी , सामाजिक सुरक्षा र मानव संशाधनको क्षमता विकासमा सहयोगी भूमिका निर्वाह गर्दै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाई समावेशी , व्यवसायिक, प्रतिस्पर्धी सेवामुखी र स्वावलम्वी बनाउँदै स्थानीय सरकारको सु-शासनको संस्थागत विकासमा हामी प्रतिवद्ध छौं ।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**
अब म, विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर र चुनौतीहरुको बारेमा उल्लेख गर्न चाहन्छु ।

**महत्वपूर्ण प्रयासहरु :**

- गाउँपालिकालाई विधि सम्मत ढंगले अघि बढाउन स्थानीय कानुनहरुको महत्वपूर्ण भूमिका रहेको छ सोको लागि गाउँपालिकाले हालसम्म कार्यक्रम सञ्चालनमा सहजता ल्याउन आवश्यक स्थानीय कानुन तयार गरी कार्यान्वयन गरेको छ ।
- यातायातलाई सहज बनाउन गाउँपालिकाका सबै वडाका मोटरबाटो तथा गोरेटो बाटोहरु सरसफाई तथा स्तरउन्नति गरिएको छ ।
- मे.ड.पा. कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना गरिएको साथै उद्धमीहरुको माग बमोजिम सीप विकास तालिम प्रदान गरिएको छ । त्यस्तै सहभागीहरुलाई विभिन्न प्रविधि हस्तान्तरण गरिएको छ ।
- स्थानीय स्तरका पर्यटन, धार्मिक स्थल, कला सँस्कृतिलाई उजागर गर्दै प्राकृतिक स्रोतहरुको संरक्षण , संवर्द्धन र सदुपयोगका लागि गाउँपालिकाले आफ्नो भुमिकालाई सशक्त ढंगले स्थापना गर्ने प्रयत्न गर्दै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।
- भौतिक पूर्वाधार , कृषि , शिक्षा , स्वास्थ्य , खानेपानी , सरसफाई र वन तथा वातावरणका सवालहरु पूर्ण रुपमा सम्बोधन भई नसकेको अवस्थामा उक्त सवालमा गाउँपालिकाको प्रयास निरन्तर भई रहने प्रतिवद्धता यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

अब म, गंगादेव गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्दा भोग्नु परेका समस्या तथा चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु । प्रतिवद्धता यस सभामा गर्न चाहन्छु ।

- कतिपय साना तथा टुक्रे योजनाका कारणले आशातित सफलता हुन सकेको छैन ।
- सवै वडाका उपभोक्ता समितिसँग सम्झौता गर्ने काम गरिए पनि उपभोक्ताले समयमा काम सुरु नगर्ने काम शुरु गरे पनि समयमै भुक्तानी माग नगर्ने हुँदा तोकिएको समयमा भौतिक तथा वित्तीय प्रगति हाँसिल गर्न नसकिएको अवस्था छ।
- विभिन्न समयमा प्राकृतिक विपत्ती , मानव स्वास्थ्य तथा पशुपन्छी महामारी जस्ता समस्याहरुले गर्दा भैपरी आउने खर्च बढी देखिएर अन्य विकासका कामहरु गर्न बाधा पुगेको देखिन्छ ।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

अब म, गंगादेव गाउँपालिकाले आ .व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधान,२०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिवद्धताहरु,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तह स्व: मूल्याङ्कन र लैससासका आधारहरु,
- विगतका आर्थिक वर्षमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु,
- विकासका समसामयिक मुद्दाहरु, दीगो विकास सम्वन्धी नीति, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण र समावेशी

विकास, बालमैत्री स्थानीय शासन, उर्जा संकट, फोहोरमैला व्यवस्थापन लगाएतका संवन्धित विषयहरु,

- ➢ स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधिका आधारहरु,
- ➢ नागरिक समाजबाट प्राप्त सुझावहरु,
- ➢ गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

अब म, आ.व. २०७९/०८० मा गरेका मुख्य मुख्य कार्यहरुको संक्षिप्त समीक्षा गर्न चाहन्छु ।

- ✓ गंगादेव गाउँपालिका वडा नं.४ स्थित म्वालेखोला स्वास्थ्यचौकी भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
- ✓ गंगादेव गाउँपालिका वडा नं. १ मा मुलखोलादेखि मेल्डाँरीसम्म खानेपानी आयोजना निर्माण अन्तिम चरणमा रहेकोछ।
- ✓ चुनावको घोषणापत्र अनुसार जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता सबै वडाको टोल टोलमा पुगिसकेको छ। यस कार्यलाई थप प्रभावकारीताका साथ निरन्तरता दिइनेछ।
- ✓ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत ११ वटा विद्यालय भवन निर्माणअन्तिम चरणमा रहेका छन्।
- ✓ पालिकाको वडा नं ६ मा राउटे रहे झोलुङ्गे पुल र वडा नं ५ मा आरुचौर झोलुङ्गे पुल साथै वडा नं ४ मा दलसिङखोला ट्रस, वडा नं ७ मा लाखुरी ट्रस र वडा नं १ मा दोमैखोला ट्रस पुल को काम सम्पन्न भैसकेको छ ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत वेरोजगारहरुले न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूति गर्दै २१ वटा योजना सञ्चालन भएका छन् ।

- ✓ सशर्त अनुदानतर्फ लघु उद्धम विकास कार्यक्रम पालिका भित्रका विभिन्न वडामा सञ्चालन हुनेगरी स्वीकृत भएका कटाईसिलाई, मुडा बनाउने, बाख्रापालन लगाएत सीप विकास सम्बन्धिका कार्यक्रमहरु सम्पन्न गरिएका छन्।
- ✓ सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको पुनर्गठन भई विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापनलाई प्रभाकारी बनाइएको छ।
- ✓ एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम लागू गरी लसुन, वेसार, आलु, किवी र कागती गरी ७ पकेट क्षेत्र विकास कार्यक्रम, १ वटा बाख्रा पकेट क्षेत्र, सुत्केरी महिला र विद्यालयहरुमा तरकारी बिउ वितरण , हिलटयाङ्की, मिनिट्रिलर वितरण , किसानलाई विभिन्न व्यवसायिक तालिम , विभिन्न खोप, औषधि उपचार , भर्मी कम्पोष्ट मल उत्पादन गर्न नमूना गड्यौला खेती, पक्की सिँचाई पोखरी निर्माण तथा पाइप खरिद, किवी तथा कागतीका विरुवा वितरण गरिएको छ ।
- ✓ सार्वजनिक सेवा प्रभालाई छिटो छरितो सेवा प्रदान गर्न र सुशासन कायम गर्नका लागि गाउँपालिका, वडा कार्यालय र सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडानगरी कार्यान्वयनमा ल्याइएको छ। साथै कार्यालयमा गुनासो सुन्ने अधिकारी , सुचना अधिकारीको व्यवस्थाले जनतामा स्थानीय सरकार प्रति विश्वास बढेको महसुश गरेको छु।
- ✓ स्थानीय न्यायिक समितिले न्यायसमितिमा आएका विवादहरुको मेलमिलापको माध्यमबाट मिलापत्र गराई स्थानीयतहमै न्याय निरुपण गरेको छ।
- ✓ कार्यालयहरुको गतिविधिहरु नियमितरुपमा गाउँपालिकाको वेवसाइट , फेसवुक पेज लगाएत सूचना पाटी मार्फत सार्वजनिक गरिएको छ।

**आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**

अब म, गंगादेव गाउँपालिकाको आ.व. २०८०/०८१ नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास तर्फ

**कृषि विकास तर्फः**

- आगामी वर्ष सम्पन्न हुने गरी सबै वडामा किसान सूचिकरण गरी डिजिटल प्रणालीको पहुँचमा ल्याई कृषि उत्पादनमा प्रोत्साहन गरिनेछ ।
- वडाका कृषि पकेट क्षेत्रमा कृषि पहुँच मार्ग तथा पूर्वाधार निर्माण गरी कृषिजन्य उत्पादित वस्तुहरुको बजारीकरण गर्नको लागि आवश्यक पहल तथा समन्वय गरिने छ ।
- पालिका भित्रका सबै वडाहरुमा माटो उपयुक्त हावापानी अनुसारका फलफूल खेती, मसलावाली, आलु, तरकारीजन्य वस्तु तथा विभिन्न नगदेवालीहरुको उत्पादनका लागि पकेट क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिँचाइ पूर्वाधार नभएका क्षेत्रमा व्यवसायिक पशु पन्छी पालन र सिँचाइ पूर्वाधार भएका ठाउँमा मौसमी तथा वेमौसमी व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।
- गंगादेवका मुख्य बजार क्षेत्रमा कृषि हाटबजार सञ्चालनको लागि सम्बद्ध क्षेत्रमा समन्वय तथा पहल गरिनेछ ।
- गंगादेव गा पा को वडाहरुमा कृषि उपज उत्पादनका आधारमा कृषि उपज सङ्कलन केन्द्र निर्माण गरी सञ्चालनमा गरिनेछ ।
- बहुउदेश्यीय कृषि प्रयोजनका लागि कृषि एम्बुलेन्स सञ्चालन गर्न संघ तथा प्रदेश सरकार र अन्य निकायसँग समन्वय तथा पहल गरिने छ ।
- स्थानीय सरकार कृषक र गैर सरकारी संघ संस्थाको त्रिपक्षीय लगानी हुने गरी एक बास्केट फण्ड निर्माण गरी दीर्घकालीन योजना बनाई कार्य गरिनेछ ।

- कृषि क्षेत्रमा काम गर्ने विभिन्न दातृ निकाय तथा संघसंस्थाहरुलाई लगानी भित्र्याउन प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्रका विभिन्न वडामा फलफूल खेती भैरहेको ठाउँमा प्राकृतिक फलफूल शीत भण्डार र आलु विउ भण्डारणका लागि विउ भण्डार रष्ट्रिक स्टोर निर्माण गरिनेछ ।
- कृषि विज्ञद्वारा कृषि उपजको उपयुक्त भौगोलिक क्षेत्र अध्ययन गरी सोही अनुसारको व्यवसायिक फलफुल तरकारी मसलाबाली जडिवुटी खेती नगदेवाली तथा अन्नवाली खेती गर्न प्रोत्साहन गरिनेछ ।
- फलफूल खेतिमा परागसेचन गरी उत्पादन गर्न सहयोग गर्ने हुँदा व्यवसायिक मौरीपालन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।
- नेपाल सरकार तथा विभिन्न निकायमा काम गरेको विषय विज्ञबाट कृषि तथा पशुपन्छी सम्बन्धि फिल्ड स्तरमा तालिम सञ्चालन गरिनेछ।
- गंगादेव गाउँपालिका भित्र कार्यरत विभिन्न विषयमा तालिम प्राप्त गरेका अनुभवी तथा अगुवा कृषकहरुलाई गुरु कृषकको रुपमा परिचालन गरिनेछ ।
- पालिका भित्रका खेतीयोग्य जमिनको माटो विज्ञबाट परीक्षण गराई प्रमाणपत्र उपलब्ध गराउने र उपयुक्त व्यवसायिक खेती गर्न प्रोत्साहन गरिने छ।
- काँचो गोवर मल प्रशोधन गर्ने उपकरण, पशु आहार (साईलेज) बनाउने उपकरण खरिद गरी प्रयोगमा ल्याइने र कृषिमा कम लागतमा बढी प्रतिफल प्राप्त गर्न प्रयोग हुने विभिन्न किसिमका मेसिनरी औजार तथा उपकरण खरिद गर्न अनुदान व्यवस्था गरिने छ ।
- समयअनुसार कृषकहरुलाई उन्नत हाईब्रिड तरकारी तथा अन्नबालीको विउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलवायु अनुकुलन वर्षे र हिउँदे विरुवा वितरण गरिने छ ।
- गंगादेव गाउँपालिका भित्र रहेका सहकारीहरु मार्फत फलफूल प्रशोधन उद्योग सञ्चालन गरी बजारिकरणका लागि आवश्यक प्रोत्साहन तथा पहल गरिने छ ।
- जनप्रतिनिधि सम्बद्ध कर्मचारी र अगुवा कृषकहरुलाई कृषि अवलोकन भ्रमणमा सहभागी गराई व्यवासायिक कृषि कार्यमा प्रोत्साहन गरिने छ ।

- सिजन अनुसार कृषि प्रदर्शनी मेला तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषिका सरोकार वालाहरुबीच समन्वय गरी सहभागितात्मक योजना तर्जुमा कार्यक्रममा दोहोरोपना अन्त्य गर्न कृषि ज्ञानकेन्द्र तथा सम्बन्धित निकायसँग छलफल गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- एकीकृत कृषि सूचना प्रणालीको स्थापना र सञ्चालनको व्यवस्था गरिनेछ ।

**पशु सेवा तर्फः**

- व्यवसायिक पशुपन्छी पालनमा कृषि फर्म, समूह, सहकारीलाई प्रोत्साहन गरी बजारीकरणमा सहजिकरण गरिने छ ।
- कृषकहरुले पाल्दै आएका पशुपन्छीहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरी पशुपन्छी व्यवसायलाई आत्मनिर्भर गर्नको लागी आवश्यक पर्ने आहारहरुमा जोड दिने कार्यक्रम सञ्चालन गरिने छ ।
- पशु आहार (साइलेज) बनाउने उपकरण तथा अन्य आवश्यक औजार उपकरण खरिद तथा वितरण गरिने छ ।
- पशुपंछिमा विभिन्न किसिमका रोग लागि पशु धनमा हुने क्षतिलाई न्यूनिकरण गर्न नियमित रुपमा उपचार सेवा कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यवसायिक कृषकहरुलाई क्षमता अभिवृद्धी तालिम सञ्चालन गरी थप सशक्तीकरण गरिने छ ।
- पशुहरुमा गरिने कृत्रिम गर्भाधान कार्यलाई प्रोत्साहन गरिने छ ।
- कृषि तथा पशु वीमा कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- कृषकले पालेका पशुपंछिहरुलाई विभिन्न किसिमका खतरनाक रोगहरुबाट हुने क्षतिबाट सुरक्षित राख्न र रोग लागिसके पछि उपचार गर्नु भन्दा रोग लाग्नै नदिन उपाय अवलम्बन गर्न विभिन्न खोप खरिद तथा भ्याक्सिनेटर परिचालन गरी कार्यक्रम सञ्चालन गरिने छ।

**सिँचाइः**

- पानीको स्रोत कम भएको ठाउँमा पक्की सिँचाइ पोखरी निर्माण गरी पानी जम्मा गरेर सिँचाइ गर्ने र लिफ्ट सिँचाइ प्रविधिबाट सिँचाइका योजनाहरु सञ्चालन गर्न संघ र प्रदेश सरकारलाई पहल गरिने छ ।
- सिँचाइको अभावमा बाँझो रहेका खेतीयोग्य जमिनमा सिँचाइको पहुँच पुर्यासई कृषि उत्पादन बढाउन सहयोग पुर्याइने छ ।
- गाउँपालिका भित्रका विभिन्न सिँचाइ कुलो तथा बाँधहरुमा तार जाली लगाउने कार्य सम्बन्धित क्षेत्रका उपभोक्ताहरुको सहकार्यमा अघि बढाईने छ

**पर्यटनः**

- ऐतिहाँसिक सुकिदह धार्मिक तथा पर्यटकीय क्षेत्रलाई निरन्तरता दिईने छ ।
- तपोवन शिवगुफालाई धार्मिक तथा पर्यटन क्षेत्रका रुपमा प्रवर्द्धन गरिने छ ।
- गंगादेव गा पा (वडा नं ३ र १) लगाएतका अन्य वडाहरुलाई कृषि हवका रुपमा रहेका क्षेत्रमा कृषि पर्यटनका रुपमा विकास गरिने छ ।
- गाउँपालिका भित्रका महत्वपूर्ण पहिचान बोकेका गुफा, सबै धार्मिक सम्पदा तथा मन्दिरहरुलाई संरक्षण गरिने छ ।
- रातामाटा टावर, राँकमा धुरी, पुरन्तेचौर, मनिमारे लगाएतका उच्च प्रयावरणीय मनरोम दृश्य देखिने सम्भावित ठाउँहरुको पहिचान गरी पिकनिक स्पटको रुपमा विकास गरिने छ ।

**सहकारी तथा वित्तीय सेवाः**

- एक घर एक सहकारी सदस्यताको नीति अवलम्बन गर्दै पालिका भित्र रहेका सहकारीहरुलाई कृषि उत्पादन क्षेत्रतिर लगानी गर्न प्रेरित गरिने छ ।
- सहकारी संस्थाहरुको सुदृढिकरण विकास र पर्वर्द्धनको लागि नियमित अनुगमन नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ ।

- सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी उत्पादनमूलक व्यवसाय सञ्चालन गर्ने कार्य अघि बढाइने छ ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि  आवश्यक बजेटको ब्यवस्था गरी सहकारी शिक्षा संचालन गरिनेछ ।
- गाउँपालिका, सहकारी र नीजि क्षेत्रको सहकार्यमा कृषिजन्य उपजको प्रशोधन, लेवलिङ, प्याकेजिङ र आफ्नै लोगो सहितको ब्रान्डिङ गरी वजारिकरणको लागि सहकारी मार्फत गर्न प्रोत्साहन गरिने छ ।
- सहकारीको माध्यमबाट महिलाहरुको क्षमता विकास , सशक्तीकरण र आय आर्जन सँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सहकारी प्रवर्द्धन, लगानी अभिवृद्धि,सहकारी चेतनाको विकास र सहकारीमा रहेको पूँजी परिचालन गरी सहकारी मार्फत घरेलु तथा साना उद्योग स्थापना गर्दै आधुनिक सहकारी खेती प्रणाली अवलम्बन गरिनेछ ।
- गंगादेव गाउँपालिका भित्र उत्पादन हुने किवि, स्याउ, सुन्तला लगाएतका मौसम अनुसारका विभिन्न जातका फलफूलहरुको सहकारी मार्फत प्रशोधन उद्योग सञ्चालन गरी आय आर्जन वृद्धि गर्न संघ, प्रदेश तथा अन्य सहयोगी निकायहरुलाई पहल तथा समन्वय गरिने छ ।
- सहकारी मार्फत अनुदानित रसायनिक मल समयमा कृषकलाई वितरण गरिने छ र प्रभावकारी नियमन गरिने छ ।
- सहकारी संस्थालाई मर्यादित , व्यवस्थित र विश्वसनीय बनाउन समय समयमा सहकारीहरुले गरिरहेका क्रियाकलापलाई अनुगमन गरी सोहि अनुसार पुरस्कार सम्मान तथा खारेजी वा मर्जको नीति लिइने छ
- गंगादेव गाउँपालिका भित्र वित्तीय साक्षरता र सेवा प्रणालीलाई विस्तार गरी आम जनतासँग पुर्याउउन आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।
- मल्टीपल बैंकिङ्ग प्रणाली लागु गर्न संघ र प्रदेश सरकार तथा वित्तीय क्षेत्रसँग आवश्यक समन्वय गरिने छ ।

**रोजगार सेवा तर्फः**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमसँग आवद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्न बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कृषि तथा उत्पादनमुलक क्षेत्रमा जोड्ने गरी म्याचिङ फन्डमा काम गर्ने नीति अवलम्वन गरी कार्यान्वयन गरिनेछ ।
- सीपयुक्त र दक्ष श्रमिकहरुको अभावलाई सम्बोधन गर्न आवश्यकता अनुसार तालिमहरु सञ्चालन गरिनेछ।
- गंगादेव गाउँपालिका अन्तर्गत सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।
- रोजगार सेवा केन्द्रबाट बैदेशिक रोजगारमा जानेहरुका लागि परामर्श सेवा र श्रम स्वीकृतिका लागि  सहजिकरण गरिने छ।

## सामाजिक विकास तर्फ

**स्वास्थ्यः**

- जेष्ठ तथा अशक्त नागरिकलाई लक्षित गरी जनतासँग स्वास्थ्यकर्मी कार्यक्रम टोल टोलमा स्वास्थ्य उपचार प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- गरिव, अति विपन्न, अपाङ्गता भएका व्यक्ति र जटिल अवस्थाका सुत्केरीहरुलाई विशिष्टिकृत सेवाका लागि प्रेषण गर्नु परेमा सहायता रकम उपलब्ध गराइने छ ।
- स्वास्थ्य सेवाको पहुँचको लागि गाँउघर तथा खोप क्लिनिकलाई थप व्यवस्थित गर्दै लगिने छ ।
- पूर्ण खोप कार्यक्रमको दीगोपनलाई निरन्तरता कायम राख्न खोप कार्यक्रम र व्यवस्थापनलाई थप प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ ।
- एम्वुलेन्सको सेवालाई प्रभावकारी बनाउन आवश्यकताको आधारमा थप एम्वुलेन्स व्यवस्थाको लागि पहल गरिने छ ।

- ❖ सञ्चालनमा आएको आयुर्वेद स्वाथ्य केन्द्रलाई थप व्यवस्थित गर्दै योग तथा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ गंगादेव गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका बनाउन समुदाय स्तरमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ विद्यालयका छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड वितरण प्रक्रियालाई प्रभावकारी व्यवस्थापन तथा निरीक्षण गरिने छ ।
- ❖ पालिका भित्रका माध्यमिक विद्यालयहरुमा क्रमिक रुपमा विद्यालय नर्स व्यवस्थापन गर्न पहल गरिने छ ।
- ❖ स्वास्थ्य वीमा कार्यक्रम प्रति गंगादेव बासीलाई थप जागरुक बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ महिला सामुयिक स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु एक हजारको दरले प्रोत्साहन स्वरुप यातायात खर्च र लोगो सहितको झोला उपलब्ध गराईने छ ।
- ❖ प्रत्येक स्वास्थ्य संस्थालाई क्रमिक रुपमा नेपाल सरकारको मापदण्ड अनुसारको भवन निर्माण प्रक्रियालाई अगाडी बढाइने छ ।
- ❖ सबै स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री बनाउन DHIS-2 र ELMIS सफ्टवेयर सञ्चालनका लागि कम्प्युटर प्रिन्टर खरिद तथा इन्टरनेट जडान गरिने छ ।

**बहुक्षेत्रीय पोषण कार्यक्रमः**

- ❖ बहुक्षेत्रीय पोषण कार्यक्रमको एकीकृत वार्षिक योजना तयार गरी दिगो विकासको लक्ष्य अनुरुप ५ वर्ष मुनिका वालवालिकाहरुमा हुने पुड्कोपनलाई सन् २०३० को अन्त्यमा १५ प्रतिशतमा झार्ने, ख्याउटेपनलाई घटाएर ४ प्रतिशतमा पुर्यातउने, रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लक्ष्य प्राप्तिका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप सुदृढिकरण गरिने छ ।
- ❖ नेपाल सरकारबाट वितरण भएको बाल पोषण भत्तालाई बाल्यकालीन शिशु आहारसँग आवद्ध गराइने छ ।
- ❖ पोषण सम्बन्धी बाल अनुदानको प्रभावकारी उपयोगको सम्बन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखिकरण गरिने छ ।

- ❖ शिशु तथा बाल्यकालीन पोषणमा स्तनपान, पुरक खाना, स्याहार सुसार सम्बन्धी बानी व्यवहार सरसफाई स्वच्छता खाद्य सुरक्षा संक्रमणको अवस्था समुचित उपचार जस्ता विषयहरुलाई एकीकृत रुपमा सम्बोधन गरी कार्यान्वयन गरिने छ ।
- ❖ विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा विशेष प्याकेजका कार्यक्रम सहित सबै वडालाई पोषणमैत्री स्थानीय शासन लागू गराउन प्रयत्न गरिने छ ।
- ❖ पोषण तथा खाद्य सुरक्षा समितिको गठन गरी क्षमता विकास गरिने छ ।
- ❖ स्थानीय तह, वडा तथा स्वास्थ्य संस्थाहरुमा पोषण डेस्कको स्थापना गरिने छ ।
- ❖ सुनौला हजार दिनका आमा तथा बच्चाहरुको पोषण अवस्था सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ उद्यमशील सीप विकास तालिम मार्फत लैंगिक संवेदनशीलसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा ल्याई पोषणलाई सम्बोधन गरिने छ ।
- ❖ किशोरीहरुको नियमित विद्यालय सुनिश्चितता, पोषण, खानेपानी तथा सरसफाई सम्बन्धी किशोरी अभिभावक, विद्यालय व्यवस्पान समिति र अभिभावक शिक्षक बीच अन्तरक्रिया गरिने छ।
- ❖ बृहत पोषण विशेष प्याकेज मार्फत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य समन्वयकर्ताको क्षमता अभिवृद्धि गरिने छ ।
- ❖ महिला तथा आमा समूहमा आयआर्जन तथा पोषण सम्बन्धी तालिम सञ्चालन गरी व्यवसायिक योजनामा उद्धमशिलता विकासको लागि प्रोत्साहन गरिने छ ।
- ❖ पोषण सुधारका लागि एक घर एक करेसाबारी निर्माणका लागि अभिप्रेरित गरिने छ।

**शिक्षा तथा खेदकुद् तर्फः**

- ❖ गंगादेव गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गरी शैक्षिक सुधारका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ।
- ❖ प्रारम्भिक वालविकास शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनुका साथै आधारभूत तहलाई सिकाईको जगको रुपमा विकास गरिने छ ।

- सामुदायिक विद्यालयहरुमा विद्यार्थीलाई नेपाल स्काउट , जुनियर रेडक्रस सर्कल र खेलकुद् लगाएतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन उत्प्रेरित गरिनेछ ।
- गंगादेव गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रदान गर्दै आएको गाउँपालिका शिक्षक अनुदानलाई चौमासिक रुपमा अनुगमन गरी विद्यार्थी संख्या, भौतिक संरचना, भूगोल र आवश्यकताको आधारमा मर्जरको नीति अवलम्बन गरी थप व्यवस्थित गर्दै लगिनेछ ।
- गंगादेव गाउँपालिकाका जनप्रतिनिधिहरु, कार्यरत शिक्षक तथा कर्मचारी, वि.व्य.स. पदाधिकारीकारीहरुका वालवालिकालाई सामुदायिक विद्यालयमा भर्ना गराउन अभिप्रेरित गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा क्रमश एक विद्यालय एक बगैचा कार्यक्रम विस्तार गर्दै लगिने छ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधीकरण लगाएतका तालिम सञ्चालन गरी पठनपाठनलाई थप प्रभावकारी बनाइने छ ।
- गाउँपालिकाको शैक्षिक क्यालेण्डर २०८० लाई पूर्ण कार्यान्वयन गरिनेछ ।
- सामुदायिक विद्यालयका सबै परीक्षाहरु स्तरिकृत गर्दै वार्षिक सिकाई उपलब्धीका आधारमा उत्कृष्ट नतिजा लिने विद्यालयलाई पुरस्कृत गरिने छ ।
- स्थानीय पाठ्यक्रम तयार गरी सामुदायिक विद्यालयका कक्षा १ देखि ८ सम्म लागू गरिने छ ।
- प्रधानाध्यापकको बैठक बाट यस गाउँपालिकाको कुनै विद्यालयमा गरेको असल कार्यलाई अन्य विद्यालयमा समेत लागू गर्न प्रेरित गरिने छ ।
- दिवाखाजा खुवाउदा स्थानीय स्तरका रैथाने बालिहरुबाट उत्पादित आर्गनिक खाद्यबस्तुहरुबाट बनेका परिकार खुवाउन विद्यालयलाई निर्देशन गरिनेछ ।
- विद्यालयको खेलकुद क्षेत्रमा ब्यापक सुधारको लागि राष्ट्रपति रनिङ शिल्डलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।
- गंगादेव गाउँपालिकाको शिक्षा नियमावली , २०८० लाई संघीय शिक्षा ऐन नियमावलीसँग नबाझिने गरी संशोधन गरेर कार्यान्वयन गरिनेछ।

- गंगादेव गाउँपालिका भित्र स्थायी बसोबास गरी शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुर्यागने व्यक्तिलाई प्रोत्साहन तथा सम्मान गर्ने नीति लिइनेछ ।

**खानेपानी तथा सरसफाईः**

- सबै वडाका नागरिकलाई स्वच्छ पिउनेपानी उपलब्ध गराउन संघ र प्रदेश सरकारसँगको सहकार्यमा खानेपानी योजनाहरुको निर्माण कार्यलाई जोड दिइने छ ।
- ओइलाममा रहेको लिफ्ट खानेपानीमा आएको समस्यालाई मध्येनजर गरी नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन पुर्यालएर मोटर जडान गरी  सञ्चालन गर्न विशेष पहल गरिने छ ।
- खानेपानी, स्वच्छता तथा सरसफाई (वास) योजना अनुसार प्राथमिकताका आधारमा सम्पूर्ण बस्ती समेट्ने गरी एक घर एक धाराको नीतिलाई कार्यान्वयन गर्दै लगिने छ ।
- गाउँपालिका भित्र सञ्चालित ठूला खानेपानी आयोजनाको नियमित मर्मत सम्भारको लागि मर्मत सम्भार व्यवस्थापन कार्यविधि बनाई कार्यन्वयन गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी योजनाहरुलाई दीगो रुपमा सञ्चालन गर्नका लागि खानेपानी उपभोक्ता तथा व्यवस्थापन समितिहरुलाई खानेपानी मर्मत संभार तथा व्यवस्थापन संबन्धी तालिमको व्यवस्था गरिने छ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका लिफ्ट खानेपानी आयोजनामा आउने विद्युत महशुल खर्चको निश्चित प्रतिशत रकम गाउँपालिकाबाट व्यहोर्ने व्यवस्था मिलाइने छ । भने खानेपानी उपभोक्ता समितिले आम उपभोक्ताबाट लिने खानेपानीको मासिक शुल्कको दरमा मितव्ययिताको सुनिश्चित गरिने छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरणः**

- पालिकामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, दलित, आदिवासी जनजाती,

पछाडि परेका वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणका कार्यक्रममा जोड दिईनेछ ।

❖ गाउँपालिकामा सञ्चालित सि वि आर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
❖ लैंगिक तथा महिला हिंसा विरुद्ध शून्य सहिष्णुता अपनाईनेछ ।
❖ महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
❖ महिला र पुरुषमा समान कामको लागि समान ज्याला कायम गर्ने र बेरोजगार तथा गरिबको पहिचान गर्न तथ्याङ्क संकलन गरिने छ ।
❖ सार्वजनिक भवन तथा पूर्वाधार निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री बनाईनेछ ।
❖ महिला तथा बञ्चितिकरणमा परेका समूहको व्यवहारिक र रणनीतिक आवश्यकता पाहिचान र परिपूर्ति गर्ने विषयमा दीगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुरुप बजेट विनियोजन गरिनेछ ।
❖ रैथाने र आप्रवासी कामदार तथा श्रमजिवि उपर हुने विभेद रोक्न आवश्यक रणनीति अपनाईनेछ ।
❖ क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी बजेट तथा सामाजिक समावेशी बजेट निर्माण एंव परीक्षण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
❖ सथानीय तहको नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने कार्यादिशमा लैससासको दृष्टिले बजेटको सीमा निर्धारण गर्दा लैससासमा निश्चित प्रतिशत बजेट छुट्याई आवश्यक कदम चालिनेछ ।
❖ महिला विकासका लागि वेइजिङ घोषणा पत्रका १२ वटा प्रतिवद्धता र वाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिवद्धतालाई कार्यान्वयन गर्न आवश्यक कदम चालिनेछ ।
❖ समावेशिकरण तथा लैंगिक समानता सम्बन्धी सूचना स्थानीय रेडियो, छापा माध्यम, पालिकाको आधिकारिक डिजिटल माध्यमहरु वेवसाईट, फेसवुक पेज मार्फत आम नागरिकलाई सु-सूचित गरिनेछ ।

## पूर्वाधार विकास तर्फ

**सडक, भवन तथा पुलः**

- गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य डि.पि.आर. गरी यसै आर्थिक वर्षमा सुरुवात गरिने छ।
- माडि गापा रिजावाङ हुँदै दलसिङ्गे रुकुम जोड्ने सडकको गंगादेव ७ दाम्खु सडक खण्डको ट्र्याक जोड्न आवश्यक रकम विनियोजन गरिने छ ।
- ओत स्वास्थ्यचौकी देखि राष्ट्रिय मा वि, वडा कार्यालय, शिवनगर बजार हुँदै चौरगाउँ मुलागैरा पोखरासम्म सुत्केरी विरामीहरुको लागि र कृषि उत्पादन ढुवानी गर्न मोटर बाटो बनाइने छ ।
- गंगादेव गा पा वडा २ र १ (ओईलाम र राङ्जिवाङ) जोड्ने सर्वसाधारण आवतजावत गर्नका लागि झोलुङ्गे पुल निर्माण गर्न विशेष पहल गरिने छ ।
- जिल्ला सदरमुकाम लिवाङसँग जोड्ने घर्तिगाउँ हुँदै सुखाओडार सम्मको मोटर बाटो समयमै जोड्नको लागि पहल गरिने छ ।
- झुल्नेटा हुँदै गंगादेव आउने सडकको डलसिंगे सडक खण्ड स्तरउन्नति गरिने छ ।
- छेरा खर्कडाँडा ताप्ला गोर्जले हुँदै दोवाई डलसिङे जोड्ने मो बा निर्माण तथा स्तरउन्नती गरिने छ ।
- दाङ कपुरकोट ङ्याम हुँदै गंगादेव गा पा आउने मोटर बाटोलाई स्तर उन्नती तथा पक्की सडक निर्माण गर्न संघ प्रदेश सरकारसँग पहल गरिने छ ।
- गंगादेव गा.पा. को सुखाओडार लगाएतका विभिन्न ठाउँ अत्यावश्यक मोटरेवल पक्कि पुल निर्माणका लागि पहल गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्रका नियमित सुचारु हुने सडकहरुमा खटिएका सडक मर्मत सम्भारकर्ता (लेन्थ वर्कर) लाई परिचालन गरी सवारी आवागमनलाई नियमित सुचारु गरिनेछ।
- प्रत्येक वडामा वर्षायाममा विग्रिएका मोटरबाटो मर्मत तथा सफाई गर्दा संबन्धित वडा मार्फत कार्यान्वयन हुने गरी बजेट व्यवस्थापन गरिने छ ।

- पालिकाका विभिन्न वडाहरुमा सहज आवागमनका लागि प्राथमिकताका आधारमा ट्रस तथा झोलुङ्गे पुल निर्माण गर्न सम्बन्धित निकायमा पहल तथा समन्वय गरिने छ ।
- यातायात गुरु योजना निर्माण गरी सडकहरुको प्राथमिकिकरण गर्ने र सोही आधारमा सडकको स्तरोन्नति गर्दै लगिने छ।
- उपल्लोजाय राँकडाँडा ताप्ला मोटरबाटो निर्माण गर्नका लागि प्रदेश सरकारसँग पहल गरिने छ ।
- निर्माण कार्यमा गुणस्तर कायम गर्न अनुगमन कार्यलाई प्रभावकारी बनाउनका लागि सूचक सहितको कार्यविधि तयार गरी पूर्वाधारका योजना र कार्यक्रमहरुमा सञ्चालन गर्नुपूर्व, सञ्चालन हुदै गर्दा र सम्पन्न भए पश्चात तीन चरणको अनुगमन गरिने छ ।

**विद्युत तथा वैकल्पिक उर्जाः**

- गाउँपालका भित्र विद्युतको पहुँच नपुगेका बस्तीहरु प्राथमिकिकरण गरी विद्युतीकरणको कार्य विस्तार गर्न नेपाल विद्युत प्राधिकरण रोल्पा वितरण केन्द्रमा पहल तथा समन्वय गरिने छ ।
- हाल सञ्चालनमा रहेका लघु जलविद्युत आयोजनाहरुलाई नियमित मर्मत सम्भार गरी सञ्चालन गरिने छ ।
- वैकल्पिक उर्जाका स्रोतहरुलाई प्रोत्साहन गर्दै नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम सञ्चालन गरिने छ ।

**सूचना, सञ्चार तथा प्रविधिः**

जनता सु-सुचित हुन पाउने सूचनाको हकको प्रत्याभुती गर्न कार्यालयबाट सम्पादित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई , सार्वजनिक परीक्षण , चौमासिक सार्वजनिकरण गर्ने कार्यलाई मिडियासँग सहकार्य गरी सूचना प्रभाह गरिने छ ।

- गाउँपालिकाको केन्द्र, सुखाओडार बजार लगायत गाउँपालिका भित्र मोबाईल नेटवर्कमा समस्या भएका ठाउँहरुमा नेपाल टेलिकम लगाएत अन्य कम्पनीको नेटवर्क सेवा विस्तारको लागि पहल गरिने छ ।
- पालिकाको शाखा तथा वडाहरुको काम कारवाहीलाई व्यवस्थित गर्न एकीकृत सेवा तथा सूचना व्यवस्थापन प्रणालीको स्थापना गरिनेछ ।
- सवै कार्यालय र विद्यालयहरुमा जोडिएको ईन्टरनेट पूर्ण रुपमा प्रयोगमा ल्याइने र आम नागरिकको पहुँचमा राख्न फाइवर इन्टरनेट विस्तारलाई जोड दिइनेछ ।
- गाउँपालिका र सम्पूर्ण वडाहरुमा सेवा तथा सूचनाहरु नागरिक डिजिटल वडावत्र र नोटिस वोर्ड मार्फत आम नागरिकलाई सुसुचित गरिनेछ ।
- गाउँपालिकाबाट प्रकाशन हुने सूचनाहरु स्थानीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइने छ ।
- गाउँपालिकाबाट सम्पादन गरिएका क्रियाकलाप समेटी प्रत्येक ४/४ महिनामा पालिका बुलेटिन सहित क्रियाशील पत्रकारहरु बीचमा आम सञ्चार, अन्तर संवाद कार्यक्रम संचालन गरिनेछ।

## वन तथा वातावरण तर्फ

### वन, वातावारण तथा विपद् व्यवस्थापनः

- पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरी उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्य गरिनेछ ।
- जडीबुटी, फलफूल, दालचिनी, पुदिना (बास्मती), ओखर , टिमुरजस्ता बहुँउपयोगी बोटविरुवालाई वृक्षारोपण कार्यक्रम संघ र प्रदेश सरकारसँग समन्वय गरी निरन्तरता दिइनेछ ।
- वातावरण संरक्षणको लागि ठूला सडक आयोजनाहरुमा बायो इन्जिनियरिङको कार्यलाई अनिवार्य गरिनेछ ।

- वन डढेलो , वातावरण संरक्षण विपद् व्यवस्थापन र फोहोर मैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चार माध्यमको सहकार्यमा सञ्चालन गरिनेछ ।
- सार्वजनिक स्थलमा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- माग र आवश्यकताको आधारमा वृक्षारोपन कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**जलाधार संरक्षणः**

- जलाधार तथा पानीका मुहान बचाउनका लागि वन जङ्गल संरक्षण, भूक्षय तथा पहिरो नियन्त्रण गर्न वृक्षारोपन र बाँध  निर्माण जस्ता क्रियाकलाप गरिनेछ ।
- जलाधार क्षेत्रको संरक्षणका लागि प्रत्येक वडामा रिचार्ज पोखरी निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

**जलवायु परिर्वतनः**

- विकास योजना सञ्चालन गर्दा अवस्था पहिचान गरि विस्तृत परियोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरयीय परीक्षण गरिने अभ्यासहरुलाई प्राथमिकता दिइनेछ।
- स्थानीय स्तरमा रहेका पानीका मुहान संरक्षण गरी जलवायु परिवर्तनबाट हुने प्रभावलाई न्यूनिकरण गर्न सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- वातावरणमैत्री विकास पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

**फोहोरमैला व्यवस्थापनः**

- फोहोरमैला व्यवस्थापन गर्नको लागि घर तथा सार्वजनिक स्थलबाट उत्पादन हुने फोहोर जन्य वस्तुहरुको पहिचान गरी फोहरको प्रकृति छुट्याइ सङ्कलन गर्न प्रोत्साहन गर्ने र सो को व्यवस्थापन गाउँपालिकाले गर्ने सुनिश्चित गरिनेछ।
- ढल तथा फोहोरमैला व्यवस्थापनको लागि सम्बन्धित टोल विकास संस्था, सहकारी र गैर सरकारी संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापनः**

- गाउँपालिका भित्र रहेका विपद्का सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी विपद् न्यूनिकरण तथा व्यवस्थापनको लागि गंगादेव गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आधारमा आवश्यक पूर्व तयारी गरिनेछ।
- विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरी तत्काल विपद् प्रतिकार्य तथा उद्धार कार्य गरिने छ ।
- गाउँपालिका तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको सक्रिय परिचालनको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

## सु-शासन तथा संस्थागत विकास तर्फ

**मानव संशाधन विकास र संस्थागत क्षमता विकासः**

- पालिकाको आफ्नै पहिचान झल्किने लोगो बनाई प्रचलनमा ल्याइने छ ।
- गंगादेव गाउँपालिकाको क्षमता विकास योजनाको आधारमा कर्मचारीहरुको क्षमता विकास गर्नुको साथै कार्य क्षमता र कार्य कुशलताको आधारमा प्रोत्साहन तथा पुरस्कृत गरिनेछ।
- अनुगमन कार्यलाई प्रभावकारी बनाउन अनुगमन कार्य योजना र सूचक सहितको अनुगमन सम्वन्धी कार्यविधि निर्माण गरिने छ।
- गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग र वडा सचिवसँग कार्य सम्पादन सम्झौता गरी कार्य सम्पादनलाई व्यवस्थित वनाईनेछ।
- वडा तथा गाउँपालिका स्तरीय भौतिक पूर्वाधार लगायत विकास निर्माणका कार्यहरु सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सार्वजनिक सूचना आव्हान गरि खुल्ला प्रतिस्पर्धा वा उपभोक्ता समिति मार्फत गर्ने गरी अगाडि बढाइनेछ। यस्तो सूचना आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक भित्र प्रकाशन गर्ने गरी तय गरिने छ।

- ❖ पालिका भित्र सञ्चालन तथा व्यवस्थापन हुने भौतिक पूर्वाधार विकासका योजनाहरुमा गुणस्तरीयता र लगत प्रभावकारिता कायम गर्न र त्यस्ता योजनाको अन्तिम किस्ता भुक्तानी गर्दा अनुगमन , प्रतिवेदन र सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गराइनेछ।
- ❖ नेपाल सरकार र प्रदेश सरकारबाट छनौट सञ्चालन र व्यवस्थापन भएका योजनामा दोहोरोपना आउन नदिने गरी योजना छनौट गरिनेछ, साथै यस्ता योजनाहरु तोकिएको समय भित्र तोकिएको गुणस्तर परिमाण र लागतमा सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिकाबाट उचित समन्वयात्मक कार्य गरिनेछ।
- ❖ भुक्तानी प्रक्रियालाई सरल र व्यवस्थित बनाउन अनिवार्य रुपमा EFT (विद्युतीय भुक्तानी प्रणाली) लाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकामा सञ्चालन हुने कार्यक्रमलाई अझ प्रभावकारी , पारदर्शी बनाउन सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण प्रगति समीक्षा समन्वय बैठक जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ पालिका भित्रका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि तालिम तथा अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।
- ❖ गाउँपालिकाको बेरुजुहरुको अभिलेखीकरण तथा सम्परीक्षण गरी प्रतिवेदन तयार गर्ने कार्यलाई निरन्तरता दिदै शून्य बेरुजु कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

**राजश्व तर्फः**

- ❖ राजश्वको स्रोत पराकिलो गर्ने तर जनतामा कम भार पर्ने गरी राजश्व विस्तारको आधार खोज्ने नीति अवलम्बन गरिने छ।
- ❖ राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुका लागि तालिम तथा सम्बन्धित विषयमा भ्रमणको व्यवस्था मिलाइने छ।
- ❖ राजश्व सुधार कार्य योजना कार्यान्वयन गरी सबै व्यवसायीहरुलाई करको दायरामा लिइने व्यवस्था मिलाइनेछ।

- आन्तरिक राजश्व बृद्धि गर्न राजश्व सङ्कलन क्षेत्रमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।
- विभिन्न सञ्चार माध्यमबाट कर सङ्कलनका लागि चेतनामूलक प्रचारप्रसार गर्न जोड दिइनेछ।

**न्यायिक समितिः**

- गाउँबासीको न्यायमा पहुँच स्थापित गर्न सहज कानुनी उपचारको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- न्यायिक समिति र मातहतका मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन जोड दिइनेछ।
- गाउँपालिकाको सवै वडा र मेलमिलाप केन्द्रबाट विवादलाई समाधान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको मेलमिलाप कक्षबाट न्याय निरुपण कार्य गरिनेछ।
- गाउँपालिका भित्र रहेका न्यायसँग सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया छलफल कार्य गरिनेछ।

**उद्यमशीलता विकासः**

- गरिबी न्यूनीकरणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत आयआर्जन अभिबृद्धि गर्न उद्यमी छनौट, सीप विकास तालिम र व्यवसायिक प्रवर्द्धन गर्न कार्यक्रम व्यवहारिक रुपमा कार्यान्वयन हुने गरी सञ्चालन गरिनेछ।

**भूमिहीन सुकुम्वासी पहिचान तथा व्यवस्थापनः**

- भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासका प्रयासहरुलाई व्यवस्थित गराउन संघीय भूमी व्यवस्था आयोग तथा जिल्ला भूमी व्यवस्थापन समितिसँग सहकार्य गरिनेछ।
- राष्ट्रिय भूमी तथा जिल्ला भूमी आयोगसँग समन्वय गरी वर्षौं देखि भोगचलन गर्दै आएको जग्गालाई कानुनी मान्यता दिलाउने र अतिक्रमण गरिएका जग्गालाई व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।

**सहकार्य तथा समन्वयः**

- नवीनतम् विकासका सिकाईहरु आदनप्रदानको लागि अन्तर स्थानीय तहको सहकार्य र समन्वयलाई प्रगाढ गराउन अन्तरक्रिया, छलफल र भ्रमण कार्य गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अन्तमा गंगादेव गाउँपालिकालाई जनचाहना अनुरुपका विकासका गतिविधि सञ्चालन गर्न जोड दिइनेछ। गाउँपालिकाबाट प्रदान गरिने सेवालाई सूचना प्रविधिमैत्री चुस्त, पारदर्शी ढङ्गले सेवा प्रदान गरिनेछ। आम गाउँवासीका गुनासाहरुलाई यथासम्भव सम्बोधन गरिनेछ। साथै गाउँपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्यासउन नेपाल सरकार, प्रदेश सरकार, आम गंगादेवबासी, विकास साझेदारी, निजि क्षेत्र, सहकारी संस्था, गैरसरकारी संस्था, सञ्चार जगत, कर्मचारी वर्गहरुमा हार्दिक अपिल गर्दछु। नीति तथा कार्यक्रम तर्जुमा महत्त्वपूर्ण सल्लाह सुझाव तथा सहयोग पुर्याउनु हुने सबै जनप्रतिनिधि, सम्पूर्ण राजनीतिक दल, सरोकारवालाहरु र गंगादेव गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण पक्षको साथ र सहयोग प्राप्त हुनेमा विश्वस्त छु।

**धन्यवाद।**

हरिबहादुर पुन
गाउँपालिका अध्यक्ष

गाउँसभामा पेश गरेको र स्वीकृत भएको मितिः २०८०/०३/०७